# नेपाल गजेट

## भाग ३

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ८] काठमाडौं ज्येष्ठ १ गते २०१५ साल [अतिरिक्ताङ्क ६

### कानून तथा संसदीय प्रबन्ध सचिवालय

श्री ५ को सरकारबाट निजामती सेवा नियमावली २०१३ मा तल लेखिए बमोजिम संशोधन गरिएकोले सर्वसाधारण जनताको जानकारीको निमित्त प्रकाशित गरिएको छ ।

निजामती सेवा नियमावली, २०१३ ( यसपछि नियमावली भनिएको) मा संशोधन गर्न आवश्यक देखिएकोले सरकारले देहाएका नियमहरू बनाएको छः-

१. संक्षिप्त नाम र प्रारम्भः- (१) यी नियमहरूको नाम निजामती सेवा नियमावली ( संशोधन ) नियम, २०१५ रहेको छ ।

(२) यी नियमहरू २०१५ साल ज्येष्ठ १ गतेदेखि प्रारम्भ हुने छन् ।

२. नियमावलीमा संशोधनः- नियमावलीको परिच्छेद ७ को नियम १ को सट्टा देहायको नियम १ राखिएको छः-



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

७. १. अनिवार्य अवकाशः-(१) कुनै निजामती कर्मचारीको उमेर त्रिसट्ठी वर्ष पुगेपछि निजले सरकारी नोकरीबाट अवकाश लिइनेछ ।

(२) उपनियम (१) मा जेसुकै लेखिएता पनि सरकारी कामकाज चलाउनलाई नभै नहुने विशेषज्ञको हकमा सरकारले दुई वर्षको एक अवधिसम्म थप गरी सो कर्मचारीको अवकाशको समयलाई निजको उमेर पैंसट्ठी वर्ष नपुगुन्जेल सम्म पर सार्न सक्नेछ ।

स्पष्टीकरणः यस नियमको निमित्त निजामती कर्मचारीको उमेर देहायबमोजिम हिसाब गरिने छः-

(क) नोकरीमा प्रवेश गरेका बेलामा किताबखानामा दिएको जन्म दिन, अथवा स्कूल विश्वविद्यालयले दिएको प्रमाणपत्रमा लेखिएको जन्मदिनबाट हुन आएको उमेर ।

(ख) त्यस्तो रेकर्ड नभएमा निजले नोकरीमा प्रवेश गरेको बेला सिटरोलमा किटेको उमेर ।

आज्ञाले—

नयनबहादुर खत्रीछत्री,

सचिव-कानून तथा संसदीय प्रबन्ध मन्त्रालय.

902

गोरखापत्र छापाखानामा मुद्रित। मैनेजर प्रेमराज शर्मा.

अधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।